# साल्पासिलिछो गाउँपालिकाको

## मध्यम तथा सामान्य अपाङ्गता भएको व्यक्तिको प्रोत्साहान कार्यक्रम सम्वन्धि कार्यविधि २०८२

प्रमाणिकरण मितिः २०८२/१२/२६

**१. प्रस्तावनाः**

लोक कल्याणकारी राज्यको अवधारणा अनुसार बालबालिका विपन्न मध्यम अपाङ्गता प्राकृतिक प्रकोप वा आकस्मीक दुर्घटनामा परेका नागरिक, बालबालिका तथा विभिन्न सामाजिक, शैक्षिक, संस्कृतिक महत्वका कृयाकलापहरुको सञ्चालन प्रवर्धन गर्न साथै स्थानिय र राष्ट्रिय हित प्रवर्धन गर्न उल्लेखिय भूमिका खेल्ने समाजका प्रीतष्ठित व्यक्तिहरुलाई विनियोजित शिर्षकबाट आवश्यक सहयोग गर्ने सम्वन्धि कानुन बनउन बाञ्छनिय भएकोले साल्पासिलिछो गाउँपालिकामा विपद जोखिम तथा न्यूनिकरण सामान्य मध्यम अपाङ्गता तथा व्यवस्थापन ऐन २०७७ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी साल्पासिलिछो गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

**परिच्छेद १**

**२. संक्षिप्त नाम र प्रारम्भ :**

१) यस कार्यबिधिको नाम साल्पासिलिछो गाउँपालिका मध्यम तथा सामान्य अपाङ्गता भएको व्यक्तिको प्रोत्साहान कार्यक्रम सम्वन्धि कार्यविधि २०८२ रहेको छ ।

२) यो कार्यविधि तुरुन्त लागुहुने छ ।

३. परिभाषा : विषय वा प्रशंगले अर्को अर्थ नलागेमा

क) गाउँपालिका भन्नाले साल्पासिलिछो गाउँपालिकालाई सम्झनु पर्छ ।

ख) गाउँकार्य पालिका भन्नाले साल्पासिलिछो गाउँपालिकालाई नै सम्झनु पर्दछ ।

ग) प्रोत्साहन कार्यक्रम पाउन योग्य व्यक्ति भन्नाले शारिरीक, मानसिक, बौद्धिक न्यून दृष्टि भएका ब्यक्तिहरु पर्दछन् ।

घ) महत्वको कृयाकलाप भन्नले स्थानीय वा राष्ट्रिय महत्वको कार्य सञ्चालन गर्न राष्ट्रिय तथा स्थानिय स्तरमा सञ्चालन हुने कृयाकलापलाई सम्झनु पर्दछ ।

ङ) प्रतिष्ठित महानुभाव भन्नाले समाजमा उल्लेखिय योगदान गरेका व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

च) अध्यक्ष भन्नाले साल्पासिलिछो गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

छ) न्यायीक समिति भन्नाले साल्पासिलिछो गाउँपालिका अन्तर्गतको न्यायीक समिति सम्झनु पर्दछ ।

ज) उपाध्यक्ष भन्नाले साल्पासिलिछो गाउँपालिकाको उपाध्यक्ष वा उपप्रमुखलाई सम्योजक सम्झनु पर्दछ ।

झ) प्रमुख प्रशासकिय भन्नाले साल्पासिलिछो गाउँपालिकाको प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

ञ) वडाध्यक्ष भन्नाले साल्पासिलिछो गाउँपालिकाको वडाहरुका वडाअध्यक्षहरुलाई सम्झनु र्पछ ।

ट) मध्यम अपाङ्गता भन्नाले विभिन्न कारणले घुँडामुनीको अङ्गमा मात्र प्रभाव परेको तर सायक सामाग्रीको प्रयोग नगरीकन हिडडुल गर्न सक्ने वा कुमवा पाखुरा भन्दा मुनी एक हात गुमाएका वा हात नचल्ने वा हातले गर्ने काम गर्न नसक्ने । दुवै हातको हत्केला भन्दा मुनीका कम्तिमा बुढीऔला वा चोरी औँला गुमाएका, दुवै गोडाको कुर्कुचा भन्दा मुनीको भाग नभएका तर सामान्य हिडडुल गर्न सक्नेलाई सम्झनु पर्दछ ।

ठ) आर्थिक सहयोग भन्नाले उपलब्ध गराउने रकम भन्नाले अनुसुची २ बमोजिमको रकम सम्झनु पर्दछ ।

ण) प्रकृतिक प्रकोप वा आकास्मीक दुर्घटना भन्नाले आगालागिमा पर्नु वा चटाङमा पर्नु, करेन्ट लाग्नु पानीमा डुब्नु खोलाले बगाउनु, सडक दुर्घटनामा पर्नु., रुख वा भिरबाट खसेर लड्नु जस्ता प्राकृतिक वा मानविय कारणले हुने अंग भङ्गबाट हुने मध्यम अपाङ्गतालाई प्रोत्साहन कार्यक्रम सम्झनु पर्दछ ।

## परिच्छेद २

### ४. मध्यम तथा सामान्य अपाङ्गता भएको व्यक्तिको प्रोत्साहान कार्यक्रम सम्वन्धि मापदण्ड :

विभिन्न सहायता योग्य शारिरीक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्वन्धि दिर्गकालीन असक्त कार्यगत सिमितता (फङ्सनल इम्पेरीमेन्ट) वा विद्यामान अवरोध काकारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण प्रभावकारी ढंगले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका जस्ता १० प्रकारका अपाङ्गतालाई यस अघि कुनै सरकारी निकायबाट सहयोग प्राप्त नभएको शारिरीक  अपाङ्गता न्यूनदृष्टि यूक्त, स्वर बोलाई सम्वन्धि अपाङ्ता, मानसिक वा मनो सामाजिक अपाङ्गता, बौद्धिक अपाङ्गत, अनुवंशीय रक्तश्राप अपाङता, हेमोफेलिया भएका व्यक्तिले सहयोग नगरेको व्यहोरा खुलाई सहयाता प्राप्त गर्नको लागि अनुसूची १ बमोजिम कागजात सहित गाउँपालिका सम्वन्धि वडाकार्यलयमा निवेदन दिन सक्ने छ ।

५. नियम ३ (१) बमोजिम प्राप्त निवेदन माथि सम्वन्धीत वडा समितिले आवश्यक छानविन गरी निवेदनको व्यहोरा यथार्थ फरक देखिएमा नेपाल सरकार, प्रदेश सरकार वा अन्य सरकारी निकायहरुबाट सहयोग नपाएकोलाई अनुसूची १ बमोजिम मध्यम अपाङ्गता परिचय पत्र सहित मध्यम अपाङ्गता भएका व्यक्तिहरुलाई गाउँपालिकाले प्रोत्साहन स्वरुप मासिक रु.५००। प्रदान गरिनेछ ।

## परिच्छद ३

विभिद:

अधिकार प्रयोजन गर्न सकिने यस कार्यबिधि बमोजिम गाउँपालिका अध्यक्षमा निहित अपाङ्गता प्रोत्साहन कार्यक्रम सम्वन्धित अधिकार गाउँपालिका उपाध्यक्षलाई वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

६. प्रोत्साहन कार्यक्रम साहायता कोष (१) यस कार्यविधि अनुसार आर्थिक, सामाजिक रुपमा विपन्न व्यक्तिहरुलाई आर्थिक साहायता दिने प्रयोजनको लागि एक छुटै कोष खडा गरिने र सोहि कोषबाट मात्र अपाङ्गता प्रोत्साहन कार्यक्रम आर्थिक साहायता प्रदान गरिनेछ ।

(२) विपन्न आर्थिक साहायता कोषमा तपासिल बामोजिमको रकम जम्मा गरिनेछ ।

क) गाउँ सभाबाट प्रोत्साहन कार्यक्रम साहायता कोष शिर्षकमा विनियोजित रकम ।

ख) संघीय सरकार, प्रदेश सरकार, स्थानिय सरकारबाट आर्थिक साहायता शिर्षकमा प्राप्त रकम ।

ग) सरकारी गैर सकारी संघ संस्था वा दाताहरुबाट आर्थिक साहायताको लागि प्राप्त सहयोग वा अनुदान ।

**७. विपन्न असाहय, मध्यम अपाङ्ता तथा सामान्य अपाङ्गता व्यक्तिहरुको पहिचान ।**

क) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र विपन्न असाहय, मध्यम अपाङ्गता तथा सामान्य अपाङ्गता संरक्षण एवं दयानिय अवस्थाका व्यक्तीको पहिचान गर्न, तत्थयाङ्क सङ्कलन गर्न सक्नेछन् । र त्यसता व्यक्तिको लागि छुट्टै परिचय पत्र वा नेपाल सरकारले जारी गरेको प्रमाण पत्रलाई आधार लिन सक्नेछ ।

ख) माथि १६ (क) बमोजिमको व्यवस्था नभएसम्म सम्वन्धित वडाध्यक्षले असाहय, असक्त, मध्यम र सामान्य असक्त असक्षम एवं दयानिय अवस्थाको व्यक्ति भनी पहिचान सहितको सिफारीसलाई आधार मान्न सक्नेछन् ।

ग) माथि १६ (क) र (ख) व्यक्तिलाई साल्पासिलिछो गाउँपालिकाले आवश्यक प्रोत्साहन कार्यत्रम सहयोग गर्नु गाउँपालिकाको कर्तव्य हुनेछन् ।

घ) यस कार्यबिधि बमोजिमका ब्यक्तिलाई आर्थिक प्रोत्साहन कार्यक्रम प्रदान गर्ने क्रममा गाउँपालिका अध्यक्षले रु ३००० देखी रु. ६००० सम्म र सो भन्दा माथिका आर्थिक सहायता रकम गाउँकार्य पालिकाको निर्णयबाट चेक मार्फत भुक्तानी हुनेछ ।

ङ) अन्य आवस्यक कागजात उपलब्ध नभइ ३ पुस्ते खुलेको निवेदन मात्र भएमा पनि गाउँपालिका अध्यक्षले आवस्यकता हेरी विवेक प्रयोग गरी अधिक्तम रु ३००० सम्म आर्थिक सहायता प्रदान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई तोक आदेश गर्न सक्नेछ ।

च) सामान्यता यो कार्यविधि बमोजिम नियम १६ (ङ) बाहेक एक पटक कुनैपनि शिर्षकमा भुक्तानी दिइएको व्यक्तिलाई सोहि आर्थिक वर्ष भित्र पुन सिफारीस गरिने छैन । साथै कुनै पनि शिर्षकमा भुक्तानी दिइएको कार्यविधि बमोजिमको रकम पेस्किको रुपमा नगद वा चेक वा सोझै रकम उपलब्ध गराइने छैन् ।

छ) यो कार्यविधि बमोजिम खर्च गरिने रकम यस गाउँपालिका भित्रका विपन्न व्यक्तिलाई न्यूनतम गास, बास र कपासको लागि आधारभूत आवस्यकता उपलब्ध गराउने मानविय कार्यको लागि उपयोगमा ल्याउने कार्यमा खर्च गर्नेगरी निर्णय गरिनेछ ।

ज) माथिको खण्डहरुमा जेसुकै लेखिएको भएता पनि मध्यम अपाङ्गता भएका व्यक्तिलाई रु २००० भन्दा बढी रकम आर्थिक सहायता प्रदान गरिएको भएमा कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

**८. तोकिएको प्रयोजनमा मात्र खर्च गर्ने:**

विपन्न सहयोग पाउन योग्य व्यक्तिले गाउँपालिकाबाट जुन प्रयोजनका लागि आर्थिक साहयाता लिएका

झ) आर्थिक सहायता प्रदान गर्न तोक आदेश गर्ने पदाधिकारीले आवस्यकता, मानवियता, मितव्ययीता, औचित्यता, कर्मले कर्तव्यनिष्ठ भइ कार्य सम्पादन गर्नु प्रमुख प्रशासकिय अधिकृतको कर्तब्य हुनेछ ।

ञ) यस कार्यविधि बमोजिम भएका भुक्तानीको छुट्टै अभिलेख राखी सम्वन्धित ब्यक्तिको तीन पुस्ते सहितको विवरण अनुसूची ३ बमोजिम आर्थिक प्रशासन शाखाबाट प्रत्येक महिनाको ७ गते भित्रमा सार्वजानिकरण गरिनेछ ।

**८. तोकिएको प्रयोजनमा मात्र खर्च गर्ने:**

विपन्न सहयोग पाउन योग्य व्यक्तिले गाउँपालिकाबाट जुन प्रयोजनको लागि आर्थिक साहयाता लिएको सोहि प्रयोजनमा मात्र खर्च गर्नु पर्ने छ  भने गाउँपालिकाबाट पनि यो कार्यविधिमा तोकिएको बायक अन्य शिर्षक एवं प्रयोजनमा खर्च लेख्न पाउने छैन ।

**९. बाधाअड्काउ फुकाउ आदेश :**

क) यस कार्यविधि कार्यन्वयन गर्न केहि बाधा अड्काउ फुकाउन आवश्यक भएमा कार्यपालिकाले निर्णय गरी कार्यान्वयन गर्ने छ ।

ख) यस सम्वन्धि कुनै विषयमा विवाद आएमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

१०. कार्यविधिमा थपघट परिमार्जन सम्सोधन एवं खारीजी

क) यस कार्यविधिमा कुनै विषय थपघट परिमार्जन संसोधन एवं खारेजी गर्ने सम्पूर्ण कार्यपालिकामा निहित हुनेछ ।

ख) संघीय वा प्रदेश कानुनसँग यस कार्यविधिमा उल्लेखित कुराहरु बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**अनुसूची १**

**(नियम ११ सँग सम्वन्धित)**

१. मध्यम तथा सामान्य अपाङ्गता प्रोत्साहन कार्यक्रम व्यक्तिहरुलाई आर्थिक साहयाता

क) सम्वन्धित व्यक्ति वा निजको अभिभावक वा निजको संरक्षणको निवेदन ।

ख) नागरिकता प्रमाण पत्र वा जन्म दर्ता प्रमाण पत्र ।

ग) विभिन्न मध्यम तथा सामान्य असाहया, असक्त, असक्षम, परिचय पत्र वा आर्थिक रुपमा विपन्न भनि वडा कार्यालयको सिफारिस ।

घ) गाउँपालिका अध्यक्षको तोक, आदेश वा कार्यपालिकाको निर्णय ।

ङ) वर्ग खुलेको अपाङ्गता परिचय पत्र ।

## अनुसूची २

### (परिच्छेद २ नियम ३ (१) सँग सम्वन्धित)

क) मध्यम तथा सामान्य अपाङ्गता व्यक्तिहरुलाई प्रोत्साहन कार्यक्रममा आर्थिक साहायता ।

| मध्यम तथा सामान्य अपाङ्गता व्यक्ति | | सहयोग शर्त | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मध्यम तथा सामान्य अपाङ्गता व्यक्ति | पूर्ण तथा अति असक्त अपाङ्गता बाहेक | ५००। | स्थानिय सरकार |
| २ | पूर्ण तथा अति असक्त अपाङ्गता भएकालाई | नेपाल सरकारले प्रदान गरिएको | ४०००-२१०० | नेपाल सरकार |
| | | | | |
| | | | | |

धन्यवाद

# साल्पासिलिछो गाउँपालिकाका

## मध्यम तथा सामान्य अपाङ्गता भएको व्यक्तिको प्रोत्साहान कार्यक्रम सम्वन्धि कार्यविधि २०८२

## साल्पासिलिछो गाउँपालिकाको कार्यलय

## चौकीडाँडा भोजपुर